# मिसन न्यूज

www.missionenews.com

MISSION News National Weekly राष्ट्रिय साप्ताहिक

वर्ष-२ | अंक-४५ | २०७५ जेष्ठ ९ गते बुधबार | 23 may 2018 Wednesday | मूल्य रू. १०/-



विज्ञापन, लेख, रचना र ताजा समाचारका लागि प्रत्येक हप्ताको बुधबार कालिकोटबाट प्रकाशन हुने मिसन न्यूज राष्ट्रिय साप्ताहिक पढ्न नभुल्नु होला । साथै www.missionenews.com अनलाईन पत्रिका समेत संचालनमा आएको जानकारी गरिन्छ ।


## 'समृद्ध गाउँपालिका बनाउने तयारी': अध्यक्ष बम

**मिसन न्यूज**

**कालिकोट**-सधैं जिल्लाको अभाव भेल्ने पलाता गाउँपालिमा अहिले 'पलातामा बिकासको लहर, सम्मृद्ध पलाता जनताको रहर' भन्ने नारालाइ सार्थक बनाउन गाउँपालिकाले विकास निर्माणका कार्यमा तिब्रता ल्याएको छ । सडक, खानेपानी, बिद्युत लगाएतका कार्यहरुलाई उच्च प्राथमिकतामा राखेको गाउँपालिकाले एक बर्षमा सबै वडामा सडक सबै घरमा बिजुली बत्ती पुर्‍याउने लक्ष्य राखेको छ । त्यस्तै, विकास निर्माणमा छरितापना ल्याउन हाल कायम रहेको कार्यदल संख्यामा ४ सय थप गरी ५ सय पुर्‍याउने तयारी थालेको छ। एक बर्षमा सबै वडामा सडक- गाउँपालिकाले बेल्केढुगादेखि वडा पालिकासम्म ४ किलोमिटर र बेल्केढुगा देखि बालुवासम्म ७ किलो मिटर गरि जम्मा ११ किलो मिटर संडक निर्माण कार्य सम्पन्न गरेको छ । यस आर्थिक बर्षमा ४० किलोमिटर सडक निर्माण गर्ने लक्ष्य लिएको गाउँपालिकाले असार मसान्तसम्म थप ३० किलोमिटर सडक निर्माण गर्ने योजना जनाएको छ। आठ महिना भित्र गाउँपालिकाका सबै वडामा सडक पुर्‍याउने गरि कार्य भइरहेको गाउँपालिका अध्यक्ष लक्ष्मण बहादुर बमले बताए । 'गाउँपालिकाले दुई वटा डोजर प्रयोग गरी सडक निर्माण कार्य गरिरहेको छ ।' उनले भने,'सडक निर्माण गरिरहेका डोजर मालिकले कामको आधारमा प्राबिधिक स्टमेट अनुसार भुक्तानी पाउने छन् ।'**एक घर एक धारा-** वडा नं. १ र ९ का सबै घरधुरीमा



कालिकोट जिल्लाको पलाँता गाउँपालिकामा डोजर सडक खन्दै ।

यसै बर्ष एक घर एक धारा बितरण गर्ने तयारी भइरहेको गाउँपालिकाले जनाएको छ। गाउँपालिकाले वडा नं. १ मा गैर सरकारी संस्था भिडीसेफ नेपाल र वडा नं. ९ मा किर्डाक नेपालको सहजीकरण मा मिटर जडान सहित शुद्ध खानेपानी धारा बितरण गर्ने तयारी थालेको पलाता गाउँपालिका वडा नं. ९ का अध्यक्ष टक्क बहादुर बमले बताए ।'सबै घरमा शौचालय, करेसाबाढी, स्वच्छ सफा घर आगन र पुर्ण सरसफाइका सूचकहरु पुरा भएपछि खानेपानी धारा बाड्ने तयारी भईरहेको छ।' उनले भने,'यसले गाउँपालिकालाई खानेपानी धारा पुर्‍याउने लक्ष्य पनि लिएको छ ।' **कार्यदलको संख्या ५ सय पुर्‍याउने तयारी-** गाउँपालिकाले विकास निर्माणको काम गर्न कार्यदल बनाएर काम गरिरहेको छ । गाउँपालिका कार्यदल कार्यबिधि २०७४ बनाएको छ । कार्यबिधि अनुसार कार्यदलको संख्या ३ बर्षमा ५ सय जना पुर्‍याउने तयारी थालेको वडा अध्यक्ष टक्कबहादुर बमले बताए । '२०७५/०७६ मा कार्यदलको संख्या ३

**बाँकी ८ पृष्ठमा..**

## जिल्ला प्रशासनद्धारा अवैध घरेलु मदिरा नष्ट

**मिसन न्यूज**

**कालिकोट**-जिल्ला प्रशासन कार्यालय कालिकोटले घरेलु मदिरा नियन्त्रण गर्नका लागि कडाई गरेको छ । अवैध रुपमा उत्पादन हुने घरेलु मदिरा नियन्त्रणका लागि जिल्लाका बिभिन्न बजारहरुमा पटक पटक अनुगमन गरी कडाई गरेको हो ।

जिल्ला प्रशासन कार्यालयको नेतृत्वमा जिल्ला प्रहरी कार्यालय, कोष तथा लेखा नियन्त्रण कार्यालय, उद्योग बाणिज्य संघ कालिकोट लगायतका निकायले गरेको सयुक्त अनुगमनमा शुक्रबार मात्र २ हजार लिटर घरेलु मदिरा जफत गरि नष्ट गरेको छ। सहायक प्रमूख जिल्ला



अधिकारी राजकुमार दुलालका अनुसार कालिकोटमा घरेलु मदिरा उत्पादन धेरै हुने गरेको बताउदै यस आर्थिक बर्षमा मात्र १० पटक अनुगमन गरी लाखौको मदिरा जफत गरिएको छ । उहाँका अनुसार शुक्रबार साँभ गरिएको अनुगमनमा १ सय ५० लिटर बनाईसकेको मदिरा र करीव १ हजार ८ सय कच्चा पदार्थ जाँड जफत गरिएको छ । सहायक प्रमूख जिल्ला अधिकारी दुलालले यस बर्ष कम्पनीबाटै उत्पादन गरिएको बिभिन्न प्रकारका मदिराहरु बिना लाईसेन्स बिक्रि बितरण गर्ने व्यपारीहरुबाट जफत गरी भण्डै ४ लाख बराबरको कोष तथा लेखा नियन्ण कार्यालयबाट लिलाम बिक्रि राजस्वमा जम्मा गरिएको जानकारी

**बाँकी ८ पृष्ठमा..**

## कर्णाली कै धमका पहिलो पटक कालिकोटका न्यौपाने अलैची खेती

**रमेश रावल**

**कालिकोट**-जिल्लाको रास्कोट नगरपालिका वडा-२ सिपखानाका परिलाल न्यौपानेले पहिलो कर्णाली मै पहिलो पटक अलैची खेती शुरु गरेका छन् । १० बर्ष अगाडी अलैची खेतीको संम्भावना पहिचान गरि २ हजार ५ सय बर्गमिटर जग्गामा न्यौपानेले अलैची खेती शुरु गरेका हुन् । अलैची खेतीबाट बार्षिक एक क्विन्टल अलैची उत्पादन गरि प्रति किलो २ हजारका दरले बिक्रि बितरण गरी बार्षिक २ लाख भन्दा बढी आम्दानी हुन गरेको न्यौपानेले बताए । 'अलैची खेती कम लगानी र सामान्य मेहनतले लाखौको आम्दानी हुने रहेछ ।' उनले भने,'एक पटक खेती गरे बर्षौसम्म आम्दानी लिन सकिन्छ ।' बिगतमा व्यवसायिक तरकारी खेती गर्दै आएका न्यौपानेले तरकारी खेतीभन्दा खलैची खेतीबाट राम्रो आम्दानी भएका कारणले आफुले अलैची खेतीको बिस्तार गरि थप २ रोपनी जग्गामा नयाँ ४ सय बिरुवा रोपिएको बताए । 'अलैची खेतीमा राम्रो संम्भवना देखेर मैले थप २ रोपनी भर्खर अलैची रोपेको छु ।' उनले भने,'सडक पनि गाउँमा नै आएको यहाँ फलेको फल देशभर बेच्नेछु ।' अलैची खेतीकै लागि आफ्नै जग्गामा उत्तिसका बिरुवा रोपेर जिल्लाकै पहिलो निजी वन जिल्ला वन कार्यालयमा दर्ता गराएका छन् । अलैची खेतीका लागि चिस्यानको आवश्यक पर्ने भएकाले आफुले उत्तिसबा बिरुवा रोपेको न्यौपाने बताए। 'अलैची खेतीका लागि उत्तिसको आवश्यक पर्छ ।' उनले भने,'त्यसैले आफुले उत्तिसको बिरुवा रोपेर चिस्यान दिएको छु ।' उत्तिस पनि महङ्गो काठ न्यौपानेले आफ्नै जग्गामा ५ सयभन्दा बढी उत्तिसका रुख रापेका छन् । उत्तिसबाट प्लाईउट लगाएतका मसलेदार काठमा रुपमा लिइन्छ। उत्तिस वाट धैरै किसिमबाट फइदालिन सकिने न्यौपानेले बताए ।

# संघियता, स्थानीय तह र काम कार्वाही



**नगिन्द्र शाही (नेशनल)**

नेपाली जनताले अहिलेसम्म गरेका विभिन्न राजनीतिक तथा सामाजिक आन्दोलनको उपलब्धी भनेकै २०७२ असोज ३ गते तत्काली संविधान सभाले घोषणा गरेको नेपालको संविधान र संविधानमा उल्लेख गरीएका अधिकारहरु हुन् । संविधानले निर्देश गरेको संघिय लोकतान्त्रिक राज्य व्यवस्था बर्तमान नेपालको शासन पद्धति हो । यहि शासन ब्यवस्थाको रक्षा, प्रयोग र परिचालनबाट मुलुक सम्वृद्धिको खाका कोर्नुको अर्को विकल्प छैन । नेपाली जनताले प्राप्त गरेको उपलब्धी राजनीतिक अधिकारको प्रत्याभुतसँगै मुलुकमा व्यवस्थापकीय संक्रमण देखिएको छ ।

यो चुनौतिपुर्ण व्यवस्थापकीय संक्रमणको अन्त्य र समृद्ध नेपाल सुखी नेपालीको नारालाई साकार पार्नका लागि विषेशगरी जन प्रतिनिधिहरु दिन दुगुना रात चौगुना चनाखो हुन पर्ने देखिन्छ । सदियौंदेखि सिंहदरवारबाट निर्देशित शासन ब्यवस्थावाट आजित नेपाली जनता २०७४ असारमा सम्पन्न स्थानीय तहको निवार्चनमा मन खोलेर मतदानमा सहभागी हुदै आफ्ना जनप्रतिनिधिहरु चुनेका थिए । स्थानीय तहमा जनताले खसालेको मत मात्र थिएन, त्यो आफ्ना दशकऔं देखिका सामाधान नभएका समस्या पुरागर्ने रामवाण हुन्छ, भन्ने चाहानाको प्रतिनिधित्व गर्ने मत थियो । झन्डै दुइ दशकदेखि कर्मचारी तन्त्रबाट सताइएका, सानो सेवा लिन सदरमुकाम पुग्न पर्ने बाध्यता र आफनो मतदानबाट हाफुले चाहेको जनप्रतिनिधि छनौट गर्ने मतदान अधिकारबाट बन्चित नेपाली जनताका समस्याहरु लामो समय पश्चात स्थानिय तह निवार्चनको सफलतासँगै अन्त्य भएका छन् ।

स्थानीय तहको निर्वाचनपछि गाउँ( गाउँमा सिहंदरवारको अधिकार गएको छ । हिजोका सदरमुकाम केन्द्रित सबै सरकारी संयन्त्रहरु गाउँ केन्द्रित भएका छन् । सबैलाइ आफ्नो गाउँ आफै बनाउन सक्ने अधिकार आफ्नै गाउँमा गएको छ । विगतका सदरमुकामभन्दा बढी शक्तिशाली केन्द्र आज प्रत्येक नगरपालिका र गाउँपालिकामा स्थापना भएका छन् । वास्तवमा स्थानीय तहको निवार्चनले संघियताको कार्यन्वयन भएको छ । राज्यका सबै संयन्त्रहरुको विकेन्द्रिकरण भएको छ । संघियताले प्रदान गरेका उपलब्धीहरुको रक्षा गर्ने ब्यवस्थापन गर्ने र जन चाहनानुरुप परिचालन गर्ने जिम्मा निवार्चित जनप्रतिनिधिहरुकै काधमा छ । जनताहरु प्रत्यक्ष जनप्रतिनिधिहरु संग जोडिएका छन । जनप्रतिनिधिका प्रत्येक साना ठुला गतिविधिहरुसंग संघियताको बहस जोडिएको छ । जन प्रतिनिधिले राम्रो काम गर्दा संघियता राम्रो रहेछ, भन्ने संदेश प्रवाह हुने छ । नराम्रो काम गर्दा संघियता माथि नै नराम्रा टिका टिप्णी हुने छन् । जनमैत्री जनप्रतिनिधिहरुले नै संघियताको जनतालाइ सकारात्मक पक्षको महशुसिकरण गराउन मद्दत गराउने छन् । जसले यो सिशु संघियता कुपोषण रहित हुर्कन मद्दत मिल्ले छ । स्थानिय तह संघियता कार्यन्वयको सबै भन्दा आधारभुत तह नै भएकाले नगरपालिका र गाउँपालिकाका जनप्रतिनिधिहरु सबै भन्दा सजग सचेत र जिमेवार हुनपर्ने आवश्यकता छ । तर, पछिल्लो समयमा जनप्रतिनिधिका केही अवान्छनिय गतिविधिहरुले गर्दा संघियता विरोधी स्वरहरु चर्का हुन थालेका छन् ।

जनतालाइ सेवासुविधा सर्बशुलभ गर्नेतिर नभइ ब्यक्तिगत सेवा सुविधा लिन तिर निर्वाचित प्रतिनिधिको प्रतिस्पर्धा बढेकाले जनताहरु गाउँमा सिँह आएको महसुस गर्न थालेका छन् । गाडी, मोटर बाइकको सुविधालिन तछाड मछाड लगायत डोजर कमीसनका समाचार दिनैपिच्छे अखवारमा पढ्न पाइन्छन् । यस्ता गतिविधिले जनप्रतिनिधि मात्र बदनाम हुने छैनन् । यसले संघितामा प्रहार गर्दै आएकाहरुका लागि मलजल पुग्ने छ । स्थानीय तह निर्वाचन सम्पन्न भए यताको यो एक बर्षको समीक्षा गर्दा कतै ऐन(नियमको समस्या देखिएको छ । कतै नियतको समस्या देखिएको छ । स्थानीय तहले सरकार संचालन गर्दा आबश्यकता अनुसार आबश्यक नियम कानुन निमार्ण समयमा हुन नसक्दा र अहिले सम्म प्रदेश सरकारले स्थानिय सरकारलाइ दिनुपर्ने कानुनि सेवा प्रवाह गर्न नसक्नुका साथै स्थानीय तहमा नियम कानून निमार्ण सम्बन्धि प्रभावकारी संयन्त्रको ब्यवस्था नहुँदा पनि स्थानीय तहका जन प्रतिनिधिहरुलाइ अफ्यारो परेको छ । अर्कोतिर केही जनप्रतिनिधिहरुको नियतमा नै समस्या देखिएको छ । विकास निर्माणमा स्वच्छचारीता, अधिकारको गलत प्रयोग गर्ने जस्ता गतिविधिहरु देखिएका छन् । स्थानीय तह संचालनमा सन्तुलन नमिलेको देखिन्छ । जनप्रतिनिधिहरुको र जनताको विचको सम्वन्ध बलियो हुन पर्ने ठाउँमा कमजोर बन्दै गइरहेको छ । स्थानीय तहलाइ सुझावसल्लाहा तथा शक्ती सन्तुलनका लागि अर्को कुनै भरपर्दो निकाय नहुँदा जनप्रतिनिधिहरु कुहिरोमा हराएका काग हुन त हैनन् भन्ने चिन्ता उत्पन्न भएको छ ।

यसो हुन नदिनका लागि संघिय सरकार, प्रदेश सरकार, ब्यवस्थापिका, न्यायपालिका, नियमनकारी निकायहरु, अन्य संवैधानिक निकायहरुले आफ्ना काम कार्यहरुलाई प्रभवाकारी ढंगले संचालन तथा निर्देशन गर्नु आवश्यक देखिन्छ । यति मात्र नभएर राजनीतिक दल, नागरिक समाज, पत्रकार तथा आम वुद्धीजीविहरुले पनि सरकारका काम कार्वाहीको रखवारी र खवरदारी गर्नुपर्ने देखिन्छ । संघियता कार्यन्वयनको सर्न्दभमा कुनै कसैले गरेका गल्ती क्षमा र दया र भावनाको विषय बनाइनु हुदैन । केन्द्र सरकारको सम्वृद्ध देश बनाउने दृढता संगै प्रदेश र स्थानीय सरकारका काम कार्यहरु सुशासनमैत्री, जनउत्तरदायी हुनु आवश्यक छ । लेखक नेकपा एमाले जिल्ला कमिटी कालिकोट का अध्यक्ष हुन् ।


**मिसन न्यूज**

राष्ट्रिय साप्ताहिक

MISSION News National Weekly

बेस्ट कर्णाली मिडिया प्रालिद्धारा प्रकाशित

सम्पादक:पवित्र शाही

प्रवन्ध सम्पादक:निर्मला शाही

कम्युटर अप्रेटर:लिलाराज संज्याल

बजार ब्यवस्थापक:निशा शाही

कार्यालय: खाँडाचक्र न.पा.-१ कालिकोट

इमेल: missionnewsp@gmail.com

फोन नं. ०८७-४४०२४२,९८४८०४९४५५

मुद्रण: ईश्वर अफ्सेट प्रेस मान्म-५ कालिकोट

www.missionenews.com



**क्षयरोग (टि.बी.) का लक्षणहरु**

१. दुई हप्ताभन्दा बढी समयसम्म लगातार खोकी लाग्नु । २. साँझ पख सधैं ज्वरो आउनु । ३. खाना खान मन नलाग्नु । ४. तौल(वजन) घट्नु । ५. खकारमा रगत देखा पर्नु । यस्ता लक्षण देखा परेमा तुरुन्त स्वास्थ्य संस्थामा गई स्वास्थ्य तथा खकार जाँच गराऔं ।

**पचाल झरना गाउँपालिकाको कार्यालय**

**कालीकोट**

# पूर्ण सरसफाई अभियानमा तिलागुफा

**मिसन न्युज**

**कालिकोट**-जिल्लाको पुर्वी क्षेत्रमा रहेको तिलागुफा नगरपालिमा पुर्ण सरसफाई अभियान सुरु गरिएको छ । नगरपालिकालाई स्वच्छ र सफा राखी नागरिकलाई खानेपानीको पहुँचमा पुगाउने उद्देश्यले पुर्ण सरसफाई अभियान संचालन गरिएको हो । तिलागुफा नगरपालिकोले सुरुआत गरेको पुर्ण सरसफाई अभियानमा जिल्ल खानेपानी तथा सरसफाई सब डिभिजन कार्यालयले समन्वय गरेको छ ।

नगरपालिकामा स्थानीयलाई सरसफाइ सम्वन्धि विभिन्न चेतनामुलक कार्यक्रम संचालन गरिएका छन् । नगरपालिकाको केन्द्र गाल्जेलगायतका स्थानमा खानेपानी तथा पूर्ण सरसफाई सम्बन्धि अभिमुखीकरण गरिएको नगरपालिका प्रमुख प्रशासकिय अधिकृत गोबिन्द प्रसाद पाण्डेले बताए । नगरपालिकालाई सुन्दर र स्वच्छ बनाएर स्थानीयलाई खानेपानीको पहुँचमा राख्ने जरुरी भएकाले पुर्ण सरसफाई अभियान सुरु गरिएको प्रमुख प्रशासकिय अधिकृत पाण्डेले बताए । खानेपानी तथा सरसफाई सब डिभिजन कार्यालय कालिकोटका कार्यालय प्रमुख रामपुकार साफीले तिलागुफालाई पुर्ण सरसफाइ युक्त नगरपालिका बनाउन पहल भईरहेको बताए । स्थानीयवासी, नागरिक समाज, कर्मचारी, जनप्रतिनिधि पुर्ण सरसफाई अभियानमा लागेका छन् । नगरपालिका को प्रत्येक टोल(टोलमा धारा र प्रत्येक घरमा चर्पी निर्माण भईरहेको स्थानीय सामाजिक अभियान्ता विक्रम शाहीले बताए । पुर्ण सरसफाई अभियानमा नगरपालिकाका प्रत्येक वडाका अध्यक्ष, कार्यपालिकाका सदस्य, नगरपालिका विषयगत शाखाका प्रमुख, नगरपालिका का वडा सचिव, शिक्षक, महिला स्वास्थ्य स्वयम सेबिका सक्रिय रहेका छन् । नगरपालिको नाग्म, रांचुली, गाल्जे र ठिन्के बजार व्यवस्थापन समितिका सरसफाइ अभियानमा लागेका छन् । खानेपानी तथा सरसफाई सब डिभिजन कार्यालय कालिकोटका कार्यालय प्रमुख रामपुकार साफीले पूर्ण सरसफाई सम्बन्धी राष्ट्रिय तथा अन्र्तराष्ट्रिय व्यवस्थाका वारेमा स्थानीयलाई जानकारी दिने गरेका छन् । कर्मचारी तथा सरोकार वालालाई सरसफाई सम्वन्धि प्राविधिक कुरा सिकाउदै पूर्ण सरसफाई दिगो बिकासको लक्ष्य अन्तरगत पर्ने सूचक भएकोले सबै यस तर्फ उन्मुख हुनु पर्ने बताए । सामुदायीक विकास कार्यक्रमका जिल्ला संयोजक लिलाराज न्यौपानेले पूर्ण सरसफाई मार्गदर्शनको पालना र खानेपानी तथा सरसफाईको अधिकार मुखी अवधारणको सृजना हुन जरुरी भएको बताए । पूर्ण सरसफाईको क्षेत्रमा जनप्रतिनिधी कर्मचारीहरुले सक्रिय भएर लाग्न समेत न्यौपानेले आग्रह गरे । खानेपानी तथा सरसफाई सब डिभिजन कार्यालय कालिकोटका सब इन्जीनियर देवानन्द धितालले बिगतको खुल्ला दिशामूक्त अभियानको अनुभव बताउदै अव कालिकोटलाई पूर्ण सरसफाई यूक्त जिल्ला बनाउने तर्फ सबै क्षेत्रबाट लाग्नु पर्ने बताए । पुर्ण सरसफाई अभियानलाई सफल बनाउने नगर तथा वार्ड स्तरिय खानेपानी सरसफाई तथा स्वच्छता समन्वय समिति सक्रिय हुनुपर्ने । नगरपालिका प्रमुख प्रशासकिय अधिकृत गोबिन्द प्रसाद पाण्डेले बताए । गाऊ टोल सुधार समिति गठन गर्नु पर्ने र

बाँकी ८ पृष्ठमा.....



तिलागुफा नगरपालिकाको चिल्खायामा रहेको वालमैन्त्रिक विद्यालयमा हात धुदै बालिका


**नेपाल सरकार**

**केन्द्रीय तथ्याङ्क विभाग**

**आर्थिक गणना कार्यालय कालिकोटको अनुरोध**

यही मिती २०७५ साल बैशाख १ गतेदेखि जेष्ठ ३१ गतेसम्म प्रत्येक उधोग, व्यापारव्यावसाय, शैक्षिक प्रतिष्ठान, स्वास्थ्य संस्था, बैंक तथा वित्तीय संस्थालगायत राजनीतिक दल अन्य विभिन्न प्रकारका सेवा प्रदायक संघ संस्था तथा कार्यालयहरुमा गणकहरु आउँदै छन् । आ-आफ्नो प्रतिष्ठानका क्रियाकलापहरु सम्बन्धीत सही विवरण उपलब्ध गराई प्रथम राष्ट्रिय आर्थिक गणना २०७५ सफल पारौ । तपाईहरुले दिनुभएको विवरणहरु तथ्याङ्क ऐन अनुसार गोप्य रहने छन् र समष्टिगत सूचकहरु उत्पादनका लागी मात्र प्रयोग गरिने छन् । निर्धक्क भई यस गणनामा सहभागी बनौं ।

**नेपाल सरकार, केन्द्रीय तथ्याङ्क विभाग**

**जिल्ला आर्थिक गणना कार्यालय कालिकोट**



**मासु व्यवसायी तथा उपभोक्ताहरुमा अनुरोध**

– मासुको लागि बध गरिने पशुपन्क्षीहरुको बध गर्नुपुर्व र बध गरी सकेपछि स्वास्थ्य परिक्षण गरौँ ।

– बिरामी परेको,मरेको,अस्वस्थ र सडेगलेको मासु तथा मासुजन्य पदार्थ नखाउँ र नखुऔं ।

– पशुपन्क्षी बथ गर्दा तथा मासुको उपयोग गर्दा बैज्ञानिक रुपमा स्वच्छ, सफा र स्वस्थकर तरिका अपनाऔं ।

– खुला रुपमा राखेको र झिंगा भन्केको माछा मासु नखाउँ र नखुवाऔं ।

– माछा मासु राम्ररी पकाएर भित्री भागसम्म राम्ररी पाकेको एकिन गरेपछि मात्र खाऔं ।

**शुभकालिका गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

**कालिकोट**



## सम्पुर्णमा हाम्रो अनुरोध

**जिल्लालाई पुर्ण सरसफाइ जिल्ला घोषणा गर्नु पर्ने अभियान थालिएकोले जिल्लाका सम्पुर्ण महानुभावहरुलाई उक्त अभियान लाई सफल पार्न आफ्नो घर–घरमा चर्पी बनाई, घर वरपर को बातावरण सफा राखिदिनहुन अनुरोध गर्दछौ ।**

**जिल्ला समन्वय समिति**

**कालिकोट**



## सम्पुर्णमा हाम्रो अनुरोध

**नगरपालिकालाई पुर्ण सरसफाइ घोषणा गर्नु पर्ने अभियान थालिएकोले नगरपालिकाका सम्पुर्ण महानुभावहरुलाई उक्त अभियान सफल पार्न आफ्नो घर–घरमा चर्पी बनाई, घर वरपरको बातावरण सफा राखिदिनहुन अनुरोध गर्दछौ ।**

**तिलागुफा नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

**कालिकोट**

## वन डढेलो नियन्त्रण सम्बन्धी सूचना

### वन डढेलो रोकथाम गर्ने उपायहरुः-

१) वन डढेलोबाट क्षणिक फाईदा मात्र नहेरी डढेलोबाट हुने असरको बारेमा गाउँ, टोलमा चेतना जगाएर ।

२) भौगोलिक अवस्था हेरी सम्भव भएसम्म वन प्राविधिकको सहयोगमा अग्नी रेखा निर्माण गरेर ।

३) वनमा ज्वलनशील पातपतिङ्गरलाई समयमै जम्मा गरी कम्पोष्ट मल वा सोत्तरको रुपमा प्रयोग गरी वन क्षेत्रमा ज्वलनशील वस्तुको संचितीमा कमी ल्याउने ।

४) सामुदायिक वन समूहहरुले वन कार्ययोजना अनुसार वन क्षेत्रको संरक्षण गर्नु महत्वपूर्ण दायित्व हो । संरक्षण कार्य अन्तर्गत वन डढेलो रोकथाम तथा नियन्त्रण कार्य पनि पर्दछ । वन डढेलो लाग्न नदिनतर्फ सचेत रहने, रोकथाम तथा नियन्त्रण गर्न उपभोक्ताहरुमा सचेतना कार्यक्रम सञ्चालन गर्ने ।

### वन डढेलो नियन्त्रण गर्ने उपायहरुः-

१) सानोतिनो डढेलो लागिहालेमा पानी, हरियो स्याउला, माटो बालुवा आदिले हानेर निभाउन सकिन्छ ।

२) नियन्त्रण गर्न नसकिने डढेलोलाई प्रति अग्नी विधी (Conter Fire Method
अपनाएर जस्तैः आगो आईरहेको दिशातिर पहिले नै आगो लगाई ज्वलनशील वस्तु समाप्त गरी डढेलो नियन्त्रण गर्न सकिन्छ ।

३) अग्नी नियन्त्रणमा उपयोगी औजारहरु (Fire Fighting Tools) जस्तैः दांते (Fire Rake), चेप्टे ( Fire Swatter), खुकुरी, सावेल, बन्चरो, बाल्टिन आदि प्रयोग गरेर ।

**तिलागुफा नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय, कालिकोट**



**लोग सेवा आयोगको अग्रगामी सोच आधुनिक परीक्षण प्रविधिको प्रयोगबाट योग्यतम ब्यक्तिको छनोट**

**नेपाल सरकार सुचना तथा सञ्चार मन्त्रालय**
**सुचना विभाग**



**सिंचाइ पुर्वाधार, कृषि विकासको मुल आधार सिंचाइ गरौं, उत्पादन बढाऔं। सिंचाइको विस्तार कृषकको जीवनस्तरमा सुधार राष्ट्रिय खाद्या सुरक्षामा टेवा पुऱ्याऔं, गरिबी न्यूनिकरण गरौं।**

**पलाँता गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय, कालिकोट**



**व्यावसायीक एवं प्रतिस्प्रर्धात्मक कृर्षि प्रणालीद्धारा उच्च एवं दिगो आर्थिक बृद्धि हासिल गरी खाद्या सुरक्षा तथा गरिबी निवारणमा योगदान गर्न कृर्षि उत्पादन एवं उत्पादकत्व बढाई स्वस्थ प्रतिस्प्रर्धात्मक बनाई प्राकृतिक स्रोत वातावरण र जैविक विविधताको संरक्षण, एवं सदुपयोग गरौं।**

**रास्कोट नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**कालिकोट**


# स्वास्थ्य

## किशोरी अवस्थामै पाठेघरको समस्या

नेपालको संविधानले २० वर्ष पूरा भएपछि मात्र महिलाको विवाहका लागि कानूनी मान्यता दिएको छ। नेपालको सन्दर्भमा यो उमेरका महिला सन्तान जन्माउन पनि शारीरिक रुपमा सक्षम हुन्छन् । तर, पोषिला खानेकुराको अभाव र शारीरिक कमजोरीका कारणले विवाहित र बच्चा जन्माएका आमाको मात्र होइन, अविवाहितको समेत पाठेघर खसेको भेटिन्छ । अछामको मेल्लेखकी जमुना साउद यस्तै मध्येकी एक हुन् । भर्खर १८ वर्ष टेकेकी जमुनाको पाठेघर खसेर जटिल अवस्थामा पुगेको छ। अविवाहित साउदको १६ वर्षमै पाठेघर खसेको थियो । किशोरीको पाठेघर खसेको थाहा पाएपछि उनका परिवारसमेत आश्चर्यमा परेका छन् । जमुना केही समय अघि अछाम जिल्ला अस्पतालमा सञ्चालित शिविरमा शल्यक्रिया गर्ने भन्दै पुगेकी थिइन तर, शिविरमा विवाहितको मात्रै शल्यक्रिया हुने भन्दै चिकित्सकले उनलाई कोहलपुर मेडिकल कलेजमा जान सल्लाह दिए । कोहलपुर मेडिकल कलेजका मेडिकल अधिकृत डा प्रभात रिमाल वंशाणुगत गुण, मांशपेशी कमजोर हुनु, पोषिलो खानेकुरा खान नपाउनु, सानै उमेरमा गरुङ्गो भारी बोक्नुपर्ने जस्ता कारणले अविवाहित किशोरीमा पनि पाठेघर खस्ने समस्या देखिन सक्ने बताउँछन् । हुन त किशोरी अवस्थामा नै पाठेघर खस्ने सम्भावना धेरै कम हुन्छ । बरु, यस्ता कमजोर शारीरिक अवस्थाका किशोरी आमा हुँदा छिटै पाठेघर खस्ने समस्याबाट पीडित हुनसक्छन, उनले भने । जमुना लाई कोहलपुर जान डा प्रभातले नै सुझाव दिएका थिए । यस्तै मध्येकी एक मंगलसेनकी २१ वर्षीय धनसरा विकलाई पनि पाठेघर फाल्नुपर्ने बाध्यता आइ



लाग्यो । कारण, उनको पाठेघर खसेर तेस्रो चरण अर्थात अन्तिम अवस्थामा पुगेको छ । १५ वर्षको उमेरमै बिहे गरेकी धनसराले तीन सन्तानलाई जन्म दिइसकेकी छिन्। तीनवटै सन्तान गाउँमै सुँडेनीको सहायताले जन्मिएका हुन् । पहिलो सन्तान जन्मने बित्तिकै पाठेघर केहि तल आएको महशुस गरेकी थिइन् । तर, त्यतिखेर उनले यसबारे कसैलाई भन्न सकिनन्। दोस्रो र तेस्रो सन्तान जन्माउँदासम्म उनको पाठेघर पुरै बाहिर आइसकेको थियो । बिस्तारै उनलाई हिडडुल गर्न समेत समस्यामा पर्न थाल्यो । पछि जिल्ला अस्पताल अछाममा जचाउँदा चिकित्सकले उनलाई शल्यक्रिया गर्न सुझाव दिएका थिए । तर, चिकित्सकसँग श्रीमान् आएपछि मात्रै उपचार गर्ने बताउँदै उहा' उपचार बिना नै घर फर्किइन् ।


## प्रकोप र महामारी सम्बन्धमा

**नवजात शिशुलाई छुनु अघि बच्चालाई खाना खुवाउनु अघि खाना पकाउनु अघि खाना खानु अघि चर्पीको प्रयोग गरेपछि साबुन पानीले हात धुने बानी बसालौं ।**

**महावै गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय,**
**कालिकोट**

# ‘कांग्रेस भष्ट्राचार विरुद्धको अभियानमा जान्छ’

**मिसन न्यूज**

**कालिकोट**-नेपाली कांग्रेस कालिकोटका सभापति हर्षबहादुर बमले अब कांग्रेसले भष्ट्राचार विरुद्धको अभियान संचालन गर्ने बताए । जिल्लामा मौलाएको अनियमितता र शुसान बिरोधी गतिविधिलाई लाईनमा ल्याउन भष्ट्राचार विरुद्धको अभियान गर्ने सभापति बमले बताए ।

विहिबार जिल्ला सदरमुकाम मान्ममा पत्रकार सम्मेलन गरी सभापति बमले सो कुरा बताएका हुन्। नेपाली कांग्रेसको दोस्रो जिल्ला सम्मेलनको बन्दसत्रबाट पारित गरिएका निर्णय सार्वजनिक समेत गरिएको छ । जिल्लाका ९ स्थानीय तहमा भएको बढ्दो अनियमिततालाई नियन्त्रण गर्न पहल राज्यको चौथो अंग पत्रकार जगतले स्थायी प्रतिपक्षको काम गर्न समेत पत्रकार सम्मेलनमा आग्रह गरिएको थियो। स्थानीय निर्वाचन भएको एक बर्ष पुरा हुँदा पनि अधिकांस स्थानीय तहले कानुन समेत निर्माण गर्न नसक्नु



पत्रकार सम्वेलनमा धारणा राख्दै कांग्रेस नेता

ठुलो कमजोरी रहेको कांग्रेस नेता दमन शाहीले बताए । ‘विगतका जिल्ला परिषदमा १४ चरणको छलफलपछि मात्र वजेट विनियोजन हुन्थ्यो ।’ नेता शाहीले भने, ‘अहिलेका जनप्रतिनिधिले ७ चरण पनि पुरा नगरेर बजेट ब्रेक डाउन गर्ने गरिएको छ ।’ सम्मेलनले जिल्लामा भएको अनियमितता र शुसानलाई कायम गर्न अभियान नै संचालन गर्ने निर्णय सार्वजनिक गरिएको छ । जिल्ला भरीका ९ स्थानीय तह मध्य तिन वटा नगरपालिका र ६ वटा गाउँपालिकामा आफ्ना भातृय संगठनलाई सक्रिय बनाएर लैजाने निर्णय गरिएको छ। आगामी दिनमा जिल्लाका ९ वटै स्थानीय तहमा गएर पार्टीले प्रशिक्षण कार्यक्रम राख्ने र नेपाली कांग्रेसबाट निर्वाचित जनप्रतिनिधिलाई जनताको काममा अनुशासित भएर काम गर्न निर्देशन सहितको निर्णय गरिएको छ। पत्रकार सम्मेलनमा कालिकोटका ४ जना पत्रकारलाई सम्मान गरिएको छ । भर्खरै सम्मपन्न नेपाल पत्रकार महासंघ कर्णाली प्रदेशको अधिवेशनमा कालिकोटबाट निर्वाचि पत्रकारलाई बधाइ सहित सम्मान गरिएको हो। प्रदेश कार्य समितिको सचिवमा निर्वाचित पवित्रकुमार शाही, सदस्यमा निर्वाचित, कृष्णराज धमाला, विष्णुप्रसाद न्यौपाने र अशोककुमार सिँहलाई सम्मान गरिएको थियो ।


## मासु व्यवसायी तथा उपभोक्ताहरुमा अनुरोध

– मासुको लागि बध गरिने पशुपन्क्षीहरुको बध गर्नुपुर्व र बध गरी सकेपछि स्वास्थ्य परिक्षण गरौं ।

– बिरामी परेको,मरेको,अस्वस्थ र सडेगलेको मासु तथा मासुजन्य पदार्थ नखाउँ र नखुऔं ।

– पशुपन्क्षी बथ गर्दा तथा मासुको उपयोग गर्दा बैज्ञानिक रुपमा स्वच्छ, सफा र स्वस्थकर तरिका अपनाऔं ।

– खुला रुपमा राखेको र झिंगा भन्केको माछा मासु नखाउ र नखुवाऔं ।

– माछा मासु राम्ररी पकाएर भित्री भागसम्म राम्ररी पाकेको एकिन गरेपछि मात्र खाऔं ।

**नरहरिनाथ गाउँपालिका**
**कालिकोट**

## स्वास्थ्य प्रतिष्ठा,विकास र समृद्धिका लागि पुर्ण सरसफाई

| जोखिमपुर्ण अवस्था | पुर्ण सरसफाइका सुचकहरु |
|---|---|
| १.दिसा गरेपछि | १.चर्पीको प्रयोग घरायसी,संस्थागत र सार्वजनिक |
| २.खाना पकाउन वा तयार गन अघि | २.पानीको प्रयोग सम्वन्धि सुरक्षित ब्यबहार |
| ३.खाना खानु र सुत्नु अघि | ३.सावुनपानीले हातधुने बानी |
| ४.बच्चाको दिसा धोइदिएपछि | ४.खाना प्रयोग सम्वन्धि सुरक्षित ब्यबहार |
| ५.फोहोर धाएपछि | ५.सफा घर आगन |
| | ६.सफा वातावरण |

मलिम रावत
प्रमुख प्रशासकीय अधिकृत
**सान्नी त्रिवेणी गाउँपालिकाको कार्यालय**
**कालिकोट**

**सिंचाइ पुर्वाधार,कृषि विकासको मुल आधार सिंचाइ गरौं, उत्पादन बढाऔं । सिंचाइको विस्तार कृषकको जीवनस्तरमा सुधार राष्ट्रिय खाद्या सुरक्षामा टेवा पुऱ्याऔं,गरिबी न्यूनिकरण गरौं ।**

**रास्कोट नगरपालिकाको कार्यालय, कालिकोट**

उच्च ज्वरो आउँने, खोकी लाग्ने, घाँटी दुख्ने, सास फेर्न गाह्रो हुने भएमा जटिल सरुवा रोगको लक्षण हुन सक्छ । तसर्थ समयमै स्वास्थ्य संस्थामा आई स्वास्थ्य परिक्षण गराउँनुहोस् ।

**पचाल झरना गाउँपालिकाको कार्यालय**
**कालिकोट**

# अन्तराष्ट्रिय न्यूज

## अमेरिकाबाट थप सामान र सेवा आयात गर्न चीन सहमत

**वासिङ्टन-** अमेरिकासँग हुँदै आएको व्यापार असन्तुलन घटाउँदै थप सामान र सेवा आयात चीन सहमत भएको छ । चीनको यस्तो निर्णयले विश्वका दुई शक्तिशाली अर्थतन्त्रबीच सम्भावित व्यापार युद्धको डरलाई कम गरेको बिबिसीले उल्लेख गरेको छ । चीनको सहमतिसँगै बेइजिङसँग रहँदै आएको वार्षिक तीन सय ३५ विलियन अमेरिकी डलरमा उल्लेख्य रूपमा कमी आउने वासिङ्टनलाई उद्धृत गर्दै बिबिसीले जनाएको छ । व्यापार घाटामा कमी आउने बताए पनि वासिङ्टनले ठ्याक्कै कति कम हुन्छ भन्नेबारे भने नबताएको बिबिसीले जनाएको छ ।'अमेरिकी कृषिजन्य सामान र ऊर्जासम्बन्धी निर्यातमा अर्थपूर्ण वृद्धिका लागि दुई पक्षबीच सहमति भएको छ,' वासिङ्टनमा भएको दुई देशबीचको वार्तापछि जारी गरिएको अमेरिका-चीन विज्ञप्तिमा जनाइएको छ। 'सहमतिले अमेरिकाको वृद्धि र रोजगारीमा सहयोग पुग्ने छ,' विज्ञप्तिमा भनिएको छ । आ-आफ्ना सरोकारका विषयलाई समाधान गर्नका लागि व्यापारसम्बन्धी वार्तालाई रचनात्मक तरिकाले जारी राख्ने विषयमा पनि दुई देशबीच सहमति भएको बिबिसीले जनाएको छ । अमेरिकाले यसअघि चीनसँगको व्यापार घाटा दुई सय विलियन डलर घटाउने बताए पनि यस विषयलाई विज्ञप्तिमा भने उल्लेख गरिएको छैन । सहमतिको विज्ञप्तिमा दुवै पक्षले एक अर्काविरुद्ध लगाएको विलियन डलर बराबरको ट्यारिफ लगाउने वा त्यसलाई हटाउने भन्नेबारे भने केही उल्लेख नगरिएको बिबिसीले जनाएको छ। दुवै देशले एक अर्काका आयातमाथि ट्यारिफ लगाए पनि त्यसलाई तत्काल लागू भने गरेका छैनन् । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले चिनियाँ सामानमा एक सय ५० विलियन डलरसम्मको ट्यारिफ लगाउने चेतावनी दिँदै आएका छन् । उनले चीनले प्रविधि र कपीराइट जस्ता अमेरिकी बौद्धिकताको चोरी गरिरहेको आरोप लगाउँदै उक्त कार्य अन्त्यका लागि बेइजिङमाथि ट्यारिफ लगाउनु पर्ने जिकिर गर्दै आएका छन् । अमेरिकाले



चीनबाट आयात हुने स्टिल र आल्मुनियममा यसअघि नै ट्यारिफ लगाइसकेको छ। वासिङ्टनले स्टिल र आल्मुनियम आयात गर्ने कतिपय देशमाथिको ट्यारिफ हटाइसकेको भए पनि चीनमाथि भने यसलाई कायम नै राखिरहेको छ । आफ्ना सामानमा ट्यारिफ लगाउने अमेरिकी कदमपछि चीनले पनि अमेरिकी सामानमा त्यस्तै प्रकृतिको ट्यारिफ लगाउने चेतावी दिइसकेको छ। उसले अमेरिकी विमान, भटमास, कार, सुँगुरको मासुर, वाइन, फलफूल र बदाममा ट्यारिफ लगाउने घोषणा यसअघि नै गरिसकेको छ।

**हेर्नुहोस मिसन न्युज, हुनुपर्दैन कन्फ्यूज नरहनुहोस बेखवर गाउँदेखि सहर ।**


MISSION

मिसन न्यूज राष्ट्रिय साप्ताहिक

www.missionenews.com



## वन डढेलो नियन्त्रण सम्बन्धी सूचना

### वन डढेलो रोकथाम गर्ने उपायहरुः-

१) वन डढेलोबाट क्षणिक फाईदा मात्र नहेरी डढेलोबाट हुने असरको बारेमा गाउँ, टोलमा चेतना जगाएर ।

२) भौगोलिक अवस्था हेरी सम्भव भएसम्म वन प्राविधिकको सहयोगमा  अग्नी रेखा निर्माण गरेर ।

३) वनमा ज्वलनशील पातपतिङ्गरलाई समयमै जम्मा गरी कम्पोष्ट मल वा सोत्तरको रुपमा प्रयोग गरी वन क्षेत्रमा ज्वलनशील वस्तुको संचितीमा कमी ल्याउने ।

४) सामुदायिक वन समूहहरुले वन कार्ययोजना अनुसार वन क्षेत्रको संरक्षण गर्नु महत्वपूर्ण दायित्व हो । संरक्षण कार्य अन्तर्गत वन डढेलो रोकथाम तथा नियन्त्रण कार्य पनि पर्दछ। वन डढेलो लाग्न नदिनतर्फ सचेत रहने, रोकथाम तथा नियन्त्रण गर्न उपभोक्ताहरुमा सचेतना कार्यक्रम सञ्चालन गर्ने ।

### वन डढेलो नियन्त्रण गर्ने उपायहरुः-

१) सानोतिनो डढेलो लागिहालेमा पानी, हरियो स्याउला, माटो बालुवा आदिले हानेर निभाउन सकिन्छ ।

२) नियन्त्रण गर्न नसकिने डढेलोलाई प्रति अग्नी विधी (Conter Fire Method
अपनाएर जस्तैः आगो आईरहेको दिशातिर पहिले नै आगो लगाई ज्वलनशील वस्तु समाप्त गरी डढेलो नियन्त्रण गर्न सकिन्छ ।

३) अग्नी नियन्त्रणमा उपयोगी औजारहरु (Fire Fighting Tools) जस्तैः दांते (Fire Rake),चेप्टे ( Fire Swatter), खुकुरी, सावेल, बन्चरो, बाल्टिन आदि प्रयोग गरेर ।

**शुभकालिका गाउँपालिकाको कार्यालय**

**कालीकोट**



एक घर एक करेसावारीको स्थापना गरौं ।
स्वच्छ र ताजा तरकारीको सेवन गरौं ॥

**खाँडाचक्र नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय, कालिकोट**


## महत्वपूर्ण टेलिफोनहरु

| | |
|---|---|
| कालिकोट जिल्ला अदालत | ०८७-४४०१२१ |
| जिल्ला प्रशासन कार्यालय | ४४००१२/४४०११२ |
| जिल्ला बिकास समिति | ४४००२१/४४०११४ |
| जिल्ला प्रहरी कार्यालय | ४४००१३/४४०११३ |
| जिल्ला स्वास्थ्य कार्यालय | ४४०१३३ |
| जिल्ला कारागार शाखा | ४४००१७ |
| जिल्ला सरकारी वकिल कार्यालय | ४४००२० |
| जिल्ला पशु सेवा कार्यालय | ४४००२३ |
| जिल्ला शिक्षा कार्यालय | ४४०११६ |
| कोष तथा लेखा नियन्त्रण कार्यालय | ४४०११७ |
| जिल्ला कृषि विकास कार्यालय | ४४०११८/४४०२०९ |
| जिल्ला निर्वाचन कार्यालय | ४४०१४९ |
| जिल्ला प्राबिधिक कार्यालय | ४४०१५३ |
| कालीकोट, जुम्ला, हुम्ला सडक योजना | ४४०१७६ |
| स्थानीय शान्ति समितिको कार्यालय | ४४०१८१ |
| नेपाल विद्युत प्राधिकरण | ४४०१४७ |
| नेपाल खाद्य संस्थान | ४४०००८ |
| महिला तथा बालबालिका कार्यालय | ४४००८४ |
| खानेपानी स.तथा सव–डिभिजन | ४४०००३ |
| कृषि विकास बैंक कालिकोट | ४४००५९ |
| राष्ट्रिय वाणिज्य बैक | ४४०११९ |
| नेपाल रेडक्रस सोसाइटी | ४४०१२५ |
| आपत्कालीन एम्बुलेन्स | ९७५८९००१३९ |
| जिल्ला ट्राफिक कार्यालय | ९८५८३९०००६ |
| जिल्ला वन कार्यालय | ४४०००२ |
| घरेलु तथा साना उद्योग संघ | ४४००१० |
| जिल्ला आयुर्वेद कार्यालय | ४४०१७९ |
| नापी कार्यालय | ४४००१८ |
| मालपोत कार्यालय | ४४००१९ |
| जिल्ला खेलकुद विकास समिति | ४४०००५ |
| मष्टामाण्डु पेट्रोल पम्म | ९८४१४५९३९४ |
| ईश्वर अफसेट प्रेस | ०८७-४४०२३९ |
| एसियन लाइफ उपशाखा  कालिकोट | ०८७४४०२५५ |
| उद्योग बाणिज्य संघ कालिकोट | ०८७-४४०१०८ |
| निर्धन उत्थान विकास बैंक | ०८७-४४०२५९ |
| ग्लोवल आईएमई बैंक | ०८७-४४०२७३ |
| मिसन न्यूज | ०८७–४४०२४२ |

# शिविरमा नागरिकता र स्वास्थ्य परीक्षण

**मिसन न्यूज**

**कालीकोट** - जिल्ला प्रशासन कार्यालयले तिलागुफा नगरपालिकाको समन्वयमा एकीकृत घुम्ती शिविर सञ्चालन गरेको छ । चिल्खायामा आयोजित शिविरमा नागरिकता वितरण, स्वास्थ्य परीक्षण, अपांगता परिचय पत्र, तरकारीको बीउबिजन वितरण लगायतका सेवा प्रदान गरिएको थियो । चिल्खाया कालीकोटको सदरमुकाम मान्मबाट पूर्व-दक्षिण जाजरकोटसँग जोडिएको छ ।

पहिलो पटक गाउँमा घुम्ती शिविर सञ्चालन भएपछि सेवाग्राहीको खुसी भएको प्रजिअ चन्द्रनाथ गौतमले बताए। गौतमले तिलागुफा ११ की ७७ वर्षीया तुल्छा शाहीलाई नागरिकता दिए। गाउँबाट सदरमुकाम जान नसक्ने स्थानीयले नागरिकतालगायतका सेवा पाएको सहायक प्रजिअ राजकुमार दुलालले बताए। उनका अनुसार जिल्ला प्रशासनले एक सय ३१ जनालाई नागरिकता र दुई जनालाई नाबालकको प्रमाणपत्र दिएको छ। प्रहरीले लागूऔषध नियन्त्रण, महिला हिंसा, बालबालिकाको अवैध ओसारपसार, बालविवाह न्यूनीकरण सम्बन्धी जनचेतनामूलक अभियान चलाएको छ। त्यस्तै, जिल्ला स्वास्थ्यले तीन सय ५० जनालाई औषधि र पाँच सयलाई परामर्श सेवा दिएको,



कालीकोट जिल्ला तिलागुफा नगरपालिकाको चिल्खायामा आयोजित घुम्ती शिविर।

जिल्ला कृषिले एक सय पाँच जना कृषकलाई तरकारीको बीउ वितरण, एक हजार ४५ वटा पशुजाँच तथा औषधि वितरण, एक सय ९० थान हुलाक टिकट वितरण गरिएको छ। सदरमुकामससम्म हिँडेर जान नसक्ने अपांगतता भएका ६ जनालाई अपांग परिचयपत्र पनि वितरण गरिएको महिला तथा बालबालिका कार्यालयकी गंगा पन्थीले बताइन् । उनका अनुसार 'ख' श्रेणी २ र 'ग' श्रेणीका चार जनाले अपांगताको परिचयपत्र पाए । तिलागुफा नगरपालिका उपप्रमुख दन्ता नेपालीको विशेष उपस्थितिमा दुई दिनसम्म चलेको शिविरमा वन, आयुर्वेद, घरेलुलगायतका कार्यालयले पनि एकीकृत सेवा दिएको नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत गोविन्दप्रसाद पाण्डेले बताए। शिविरमा जिल्लाका सरोकारवालाले रुरु गाउँको अनुगमन गरेको छ। चिल्खाया कालीकोटकै बढी धान उत्पादन हुने गाउँ हो । जिल्ला भरिमा कृषिको हिसावले धान उत्पादन धेरै हुने गरेको पाइन्छ। तिलागुफा नगरपालिका तिलागुफा नगरपालिकामा स्थानीय निर्वाचनपछि पहिलो पटक शिविर सञ्चालन गरेरको नगरप्रमुख रतनबहादुर शाहीले बताए । **कान्तिपुरबाट**


## सान्नी त्रिवेणीको अनुरोध

**मौसम बदलीका कारणले बिभिन्न प्रकारका रोग लाग्ने डर भएको हुदाँ सफा र स्वच्छ पानीको प्रयोग गरौँ । बासी झिंगा भन्केको खानेकुरा नखाऔं। घर आगन सफा सुग्घर राखौं। स्वस्थ्य जीवन राख्न सधै सफा सुग्घर हुने बानी बसालौं । सफा घर स्वस्थ्य जीवन जिउने आधार हो । सबै त्यसैमा लागौं ।**

**सान्नी त्रिवेणी गाउँपालिकाको कार्यालय**

**कालिकोट**

## जनहितका लागि जारी सन्देश

**घर आँगन सफा राखौं, किटजन्य रोग भगाऔं।**

**रोग लाग्नबाट आफैंले आफैंलाई बचाऔं ।**

**महावै गाउँपालिका**

**गाउँ कार्यपालिकोको कार्यालय**

**कालिकोट**

## स्वास्थ्य प्रतिष्ठा,विकास र समृद्धिका लागि पुर्ण सरसफाई

| जोखिमपुर्ण अवस्था | पुर्ण सरसफाइका सुचकहरु |
|---|---|
| १.दिसा गरेपछि | १.चर्पीको प्रयोग घरायसी,संस्थागत र सार्वजनिक |
| २.खाना पकाउन वा तयार गर्नु अघि | २.पानीको प्रयोग सम्वन्धि सुरक्षित ब्यबहार |
| ३.खाना खानु र सुत्नु अघि | ३.साबुनपानीले हातधुने बानी |
| ४.बच्चाको दिसा धोइदिएपछि | ४.खाना प्रयोग सम्वन्धि सुरक्षित ब्यबहार |
| ५.फोहोर धाएपछि | ५.सफा घर आगन |
| | ६.सफा वातावरण |

**खाँडाचक्र नगरपालिकाको कार्यालय**

**कालिकोट**

## पलाँताको सन्देश

**स्वस्थ जीवनको लागि एक छाक भात एक छाक रोटी खाऔँ। धान चामलको बढ्दो आयातलाई कम गरि खाद्यान्नमा परनिर्भरता घटाऔँ। खेती योग्य बाँझो जग्गामा खेती गरि खाद्य संम्प्रभुताको मौलिक हकलाई कार्यान्वयन गरौँ, गराऔँ।**

**पलाँता गाउँपालिकाको कार्यालय**

**कालिकोट**

**पलाँता गाउपालिकाले..........................**

सय जना पुग्ने छ ।' उनले भने,'नियमित अनुगमन तथा रिपोटिङ सिस्टमका कारण केहि कठिनाइ भएपनि निर्माण र सामाजिक कार्यमा सहजता भएकाले कार्यदलको संख्या थप गरिएको छ ।' कार्यदलमा काम गर्न थालेपछि आर्थिक तथा सामाजिक हैसियतमा समेत सुधार आएको गाउँपालिका अध्यक्ष लक्ष्मण बमले बताए । 'डोजरले ट्र्याक ओपन गर्ने र कार्यदलले वाल लगाउने, ग्यामीन जाली भर्ने, नाली खन्ने लगायतका कार्य कार्यदलले गरिरहेका छन् ।' उनले भने M**सबै घरमा उज्यालो**-गाउँपालिकाले पालिकाका ५ वटा स्थानबाट बिद्युत बाल्ने तयारी थालेको छ । पालिकाले ७० किलोवाट औलाखोला लघुजलबिद्यूत आयोजनाबाट गाउँपालिकाका ४,५ र ६ वडामा असार मसान्त भित्र बत्ति बाल्ने तयारी भइरहेको पलाँताका प्रशासकीय अधिकृत लेखबहादुर क्षेत्रीले बताए । 'त्यस्तै १७ किलो वाट भूचिखोला लघुजलबिद्युत आयोजना पनि असार मसान्तमा सम्पन्न हुने छ ।' उनले भने,'यस आयोजना बाट वडा नं. ७ का केहि घरधुरीमा बत्ती बल्ने छ ।' त्यस्तै, १०० किलो वाट दुर्सि लघुजलबिद्युत आयोजनाको निर्माण कार्य आठ महिना भित्र सम्पन्न हुने छ । यस आयोजनाबाट वडा नं. १,२,३ र ७ का सबै घरधुरीमा बत्ती बाल्ने गरी अन्तीम तयारी भइरहेको गाउँपालिका अध्यक्ष बमले बताए । '२१ किलो वाट दार्मिगाड (क) लघुजलबिद्यूत आयोजनाबाट वडा नं. ९ का सबै घरधुरीमा जेष्ठ महिना भित्र बत्ती बाल्ने तयारी भइरहेको छ ।' उनले भने,'१३ किलो वाट दार्मिगाड (ख) लघुजलबिद्यूत आयोजना वडा नं. ८ का लागि आठ महिनापछि बत्ती बाल्ने तयारीका साथ कार्य भइरहेको छ ।'**सबै वडामा जनस्वास्थ्य सेवा केन्द्र**-पलाँता गाउँपालिकाले पलाँताकका सबै वडामा जनस्वास्थ्य सेवा केन्द्र स्थापना गर्ने कार्य अघिबढाएको छ । नागरिकको स्वास्थ्य अधिकार संरक्षण गर्न पलाँताका सबैवडामा जनस्वास्थ्य सेवा केन्द्र स्थापना गरिएको गाउँपालिकाका स्वास्थ्य संयोजक हिमाल संज्यालले बताए । 'वडा नं. २ को इलाका स्वास्थ्य केन्द्र राडुनेटा, ३ को सामुदायीक स्वास्थ्य इकाइ, ५ को स्वास्थ्य चौकी खिन, ८ को कोट, र ९ को पिपलकोटमा स्वास्थ्य संस्था स्थापना भइसकेका छन् ।' उनले भने,'पलाँता १ को शैन, ४ को कयारदेव, ६ उखाडी, र ७ दैनिकरमा तत्काल स्वास्थ्य संस्था स्थापना गर्ने तयारी भइरहेको छ ।' सबै स्वास्थ्य संस्था, इकाइ र सेवा केन्द्रहरुमा आवश्यक औषधी तथा साधनस्रोत पुगि सकेको छ ।

## जिल्ला प्रशासन द्वारा ..........................

दिनुभयो । उहाँले भन्नुभयो घरेलु मदिरा र कच्चा पदार्थ गरी यसै बर्ष करीव ८ हजार लिटर बराबरको जफत गरि जमीनमा पोखिएको छ ।मदिराका कारणले गाउँमा सामाजिक सद्भाव बिग्रिएको र मदिरा दैनिक झै-झगडा हुन थालेपछि मदिरा नियन्त्रण अभियान थालिएको प्रमूख जिल्ला अधिकारी चन्द्रनाथ गौतमले बताउनुभयो ।'मदिराका सामाजिक सद्भाव बिग्रिदै गएको छ ।' मदिरा सम्बन्धिको ऐन तथा नियमावली अनुसार अवैधानीक रुपमा उत्पादन भईरहेको घरेलु मदिरा नियन्त्रणमा थप कडा अभियान थालिने उहाँको भनाई छ । जिल्ला प्रहरी प्रमूख सुबासचन्द्र बोहोराले घरेलु मदिरा खाईरहेका ८ जना स्थानिय नागरिकहरुलाई समेत पक्राउ गरी प्रशिक्षण दिएर प्रति व्यक्ति १ हजार जरीवाना कटाई छाडेको जानकारी दिनुभयो । उहाँले घरेलु मदिरा नियन्त्रणको सिलसिलामा मदिरा खाँदै गरेको ८ जनालाई चिट कटाएर मदिरा सम्बन्धि अभिमुखीकरण दिएर घर पठाईएको बताउनुभयो ।


**स्वास्थ्य प्रतिष्ठा, विकास र समृद्धिका लागि पुर्ण सरसफाइ**

**सरसफाई बारे............**

| हात अनिवार्य धुनपर्ने जोखिमपुर्ण अवस्था | पुर्ण सरसफाइका सुचकहरु |
| --- | --- |
| १.दिसा गरेपछि | १.चर्पीको प्रयोग घरायसी,संस्थागत र सार्वजनिक |
| २.खाना पकाउन वा तयार गर्नु अघि | २.पानीको प्रयोग सम्बन्धि सुरक्षित व्यबहार |
| ३.खाना खानु र सुत्नु अघि | ३.सावुनपानीले हातधुने बानी |
| ४.बच्चाको दिसा धोइदिएपछि | ४.खाना प्रयोग सम्बन्धि सुरक्षित व्यबहार |
| ५.फोहोर धाएपछि | ५.सफा घर आगन |
| | ६.सफा वातावरण |

**नरहरिनाथ गाउँपालिकाको कार्यालय**
**कालिकोट**


**पूर्ण सरसफाई.......................................**

परिचालनलाई बलियो बनाउनु पर्ने पाण्डेले बताए । सरसफाई तथा वातावरण संरक्षण सम्बन्धी अभियान संचालन गरि नगरलाई चाडै पूर्ण सरसफाई युक्त बनाइने नगर प्रमुख रतन शाहीले बताए । जेष्ठ १५ गतेसम्म नगरका ११ वडामा वार्ड स्तरिय खानेपानी, सरसफाई तथा स्वच्छता समन्वय समिति (डब्लुवास सीसी) तथा सबै गाऊमा गाऊँ र टोल सुधार समिति गठन गर्ने तयारी गरिएको नगर प्रमुख शाहीले बताए ।

## ज्ञानमाला



१. नेपालमा 'निजी वनजंगल राष्ट्रिय करण ऐन' कहिले ल्याइएको हो ?
- वि.स. 2013

२.नेपालको संविधान २०१९ को मस्यौदा आयोग मा कति सदस्य रहेका थिए ?
- ६ जना

४. भारतका राष्ट्रपिता भनेर कसलाइ चिनिन्छ ?
- माहात्मा गान्धी

५.कुन खातामा रकम जम्मा गर्दा ब्याज पाइदैन ?
- चल्ती खाता

६. नेपालमा धितोपत्र कारोबार कहिले देखि सुरु भएको हो ?
- वि स 2050

७.जापानी भाषामा अनुबाद भएको पहिलो नेपाली कृति कुन हो ?
- सेतो बाघ

८. 'उ मरि अरे' नामक कृतिका रचनाकार सुवास सिङ हुन भने 'उ मरेकी छैन' नामक कृतिका रचनाकार को हुन ?
- बालकृष्ण सम

९. नेपालको पहिको आधुनिक बैंक कुन हो ?
- नेपाल बैंक लिमिटेड

१०. नेपाल प्रज्ञा प्रतिष्ठान बाट नेपाली बृहत शब्दकोष कहिले प्रकाशित भएको हो?
- वि स 2040

११. साहित्यमा कति रस हुन्छन् ?
- ९

१२. हाल नेपालका कति जिल्ला सदरमुकाममा सडक यातायात पुगेको छ?
- 73 जिल्ला

१३. ५०० किलोवाट को नेपालको पहिलो जलविद्युत परियोजना फर्पिङको जलविद्युत केन्द्र कुन जिल्लामा पर्दछ?
- ललितपुर

१४.सरकारी कार्यालयमा १२ घण्टे सेवा कहिलेबाट सञ्चालन गर्न शुरुगरिएको हो ?
- वि.सं २०७१ पुस १ गते

१५.प्रमुख अन्न बालि कुन हो ?
- धान


**बेस्ट कर्णाली मिडियाको नौलो धमका**

बेस्ट कर्णाली मिडिया प्रालिद्वारा प्रेस काउन्सिल नेपालमा प्रदेश नम्बर ६ बाट प्रथम सुचिकरण भएको **www.missionenews.com** डिजिटल अनलाईन पत्रिका हरपल तपाईको साथमा छ । साथै यस मिडियाद्धारा स्थायी प्रमाण-पत्र प्राप्त मिसन न्युज साप्ताहिक पत्रिका प्रकाशन भईरहेको छ। पलपलको समाचार, ताजा सुचना तथा विज्ञापनका लागि सधै यहाँको साथमा छौं ।

**हाम्रा विशेषताहरु**

– सरकारी, गैरसरकारी तथा प्राइभेट कार्यालयको वेवसाईड डिजाइन ।
– अनलाईन पत्रिका डिजाइन ।
– वेवसाइड तथा अनलाईन पत्रिकाको लागि डोमेन रिजव ।
– वेव तथा अनलाईनका लागि होस्टीग ।
– स्थानीय तथा राष्ट्रिय संचार माध्यामा प्रशारणका लागि रेडियो तथा टेलिभिजन कार्यक्रम उत्पादन ।
– भिडियो डुकुमेन्ट्रीउत्पादन ।
– स्थानीय तथा राष्ट्रिय पत्रपत्रिका, रेडियो तथा टेलिभिजनका लागि विज्ञापन एजेन्सी ।

फोन : ०८७-४४०२४२
इमेल : bestkarnalimedia@gmail.com
missionnewsp@gmail.com